# जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं
## आ.व. २०७४/७५ को लागि पटके सवारी कर संकलन सम्वन्धी
## शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

### प्रथम पटक प्रकाशित मिति : २०७४/०५/०४

जिल्ला समन्वय समिति काठमाडौंले आफ्नो स्रोतवाट निर्माण गरेको निम्न सडकमा गुड्ने सवारी साधनहरुवाट आ.व. ०७४/७५ मा पटके सवारी कर संकलन गर्न इच्छुक व्यक्ति, फर्म/कंपनीहरुलाई देहाय बमोजिमका शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त हुने गरी हुलाक तथा कुरीयर सेवाबाट पनि दरभाउपत्र पेश गर्न सकिनेछ तर म्याद भित्र कार्यालयमा प्राप्त हुन नआएमा वा रीत नपुगेमा त्यस्तो दरभाउपत्रलाई मान्यता दिइनेछैन ।

**तपशिल**

| विवरण | न्युनतम ठेक्का रकम | कर संकलन केन्द्र | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|
| फर्पिङ्ग-टल्कु डुडेचौर-कुलेखानी सडक | १२,१२,१२५.०० | साविक टल्कु गा.वि.स. भवनसंगै | १०००।०० |

**शर्तहरु:**

१. दरभाउपत्रदाताले कवोल अंकको ५ प्रतिशतले हुने रकम धरौटी स्वरुप जि.स.स. काठमाडौंको नेपाल राष्ट्र वैंकमा रहेको धरौटी खाता नं. १२०४७०५००१०३०५२४ मा जम्मा गर्नुपर्नेछ ।

२. दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७४/०५/१८ गते कार्यालय समय भित्र) भित्र खरिद गर्न सकिनेछ र उक्त दरभाउपत्र खरिद गर्न सकिनेछ र सो को भोलिपल्ट दिनको १२.०० वजेसम्म यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।

३. दरभाउपत्र फाराम खरिद एवं दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिन उक्त कार्य गरिनेछ ।

४. प्राप्त हुन आएका दरभाउपत्रहरु दर्ता गर्ने म्याद सकिए लगत्तै सोही दिन प्रस्तावदाताहरु वा प्रस्तावदाताको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर प्रस्तावदाताको प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा हुने छैन ।

५. नेपाल सरकारको प्रचलित कानून वमोजिम लाग्ने आय कर, मूल्य अभिवृद्धी कर तथा शुल्कहरु प्रस्तावक स्वयमले तिर्नुपर्नेछ । कार्यालयमा वुझाउनु पर्ने सम्पूर्ण रकम र कर समेत वुझाईसकेपछि मात्र धरौटी रकम फिर्ता हुनेछ ।

६. सरकारी, कुटनितिक नियोग र सार्वजनिक संस्थानका सवारी साधनहरुमा पटके सवारी कर लिन पाइने छैन ।

७. पटके सवारी कर संकलनको लागि कर सहित निम्नानुसारको दररेट निर्धारण गरिएको छ ।

(क) ठूला सवारी साधनको प्रति साधन रु ३५।-

(ख) मझौला सवारी साधान (भाडाका जिप, मिनिवस, मिनिट्रक, माइक्रो आदि) प्रति साधन रु २५।-

(ग) निजी जिप, कार भ्यान ट्याक्टर र अन्य प्रति साधन रु १५।-

८. आ.व. ०७४/७५ को कर संकलन मिति सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ ।

९. कुल कवोल अकंलाई २ किस्ता कायम गरिनेछ । पहिलो किस्ता वापत कुल कवोल अकंको ५० प्रतिशतले हुने रकम सम्झौता हुनु अगावै वुझाउनुपर्नेछ । बाँकी ५० प्रतिशत रकम २०७४ पौषमसान्तभित्र वुझाउनुपर्नेछ । कूल कवोल अंकको एकमुष्ट रकम अग्रिम वुझाएमा कवोल अंकको १० प्रतिशतसम्म छुट दिईनेछ ।

१०. प्रथम किस्ता वुझाएपछि हुन आउने बाँकी रकमको २०७५ श्रावणमसान्तसम्म म्याद भएको मान्यता प्राप्त वाणिज्य बैकंको कार्यसम्पादन बैंक ग्यारेण्टी (परफरमेन्स वन्ड) पेश गर्नुपर्नेछ ।

११. दरभाउपत्र स्वीकृत भई सम्झौता भएपश्चात कुनै किसिमको छुट, मिनाहा वा माफी दिईने छैन तर नेपाल सरकार वा मातहतको कुनै निकायवाट ठेक्का रोक्का वा वदर गर्ने निर्णय भएमा बाँकी अवधिको दामासाहीले हुने रकम जिल्ला समन्वय समितिको निर्णयानुसार मिनाहा दिन सकिनेछ ।

१२. यस सम्वन्धी थप जानकारी चाहिएमा जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं र www.ddcktm.gov.np वाट प्राप्त गर्न सकिनेछ ।

*(मिति २०७४ भाद्र ४ गतेको अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित)*